# प्रदेश सभा

## गण्डकी प्रदेश

## तेस्रो अधिवेशन

## (सातौं बैठक)

मिति : २०७५/१०/२३ गते, दिनको १:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर २८ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्बप्रथम, शून्य समयको कार्यक्रम प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरिएको छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ—आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

माननीय श्री राजीव पहारी , कास्की ।

### माननीय राजीव पहारीज्यू

सभामुख महोदय, मुलुकको विकास खर्च विकास बजेटको खर्च सोचे अनुसारको हुन सकेको कारणले अहिले बजारमा पुँजी प्रवाह जुन रुपमा हुनु पर्ने हो त्यो रुपमा हुन सकेको छैन । अहिले बजारमा आर्थिक तरलताको अभाव छ । र

अर्को कुरा नेपाल राष्ट्र बैंकले निक्षेप र ऋणको स्प्रेड दरको बिचको नाफा चाँही ५% राखेको छ। त्यसको कारणले व्यापारी व्यवसायीहरु सब यसको चर्को मारमा परेको अवस्था छ। एक हिसाबले भन्ने हो भने यो निक्षेपमा १०-११% ब्याज भएको ले ऋण प्रवाह गर्दाखेरी ५% प्रवाह गर्दा १७% सम्म ऋणीले लिनु पर्ने खालको अवस्था पनि छ। र अहिले यो ब्याजदर अलिकति बढी रहेको अवस्था छ। यसले व्यापारी व्यवसायीहरुलाई व्यापार व्यवसाय गर्न कठीन भएको छ तसर्थ नेपाल राष्ट्र बैंकले चाँही ब्याजदर घटाउनु पर्ने देखिन्छ र यो स्प्रेड दरको मात्रा पनि ५% बाट अलिकति कम गर्नु पर्ने हो कि अवस्था छ। किनभने आज अनेक क्षेत्र चाँही त्यो व्यापारी व्यवसायीहरु लगायतको यो अत्यन्त चाँही अप्ठ्यारो अवस्थाबाट गुज्रन परेको छ। त्यो सम्बन्धमा सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब बिशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापा । समय १० मिनेट ।

**माननीय कृष्ण बहादुर थापाज्यू**

माननीय सभामुखज्यू, आज हामी प्रदेश सभाको एक वर्ष हिजो मात्रै हामीले बिताएर दोस्रो वर्षमा प्रवेश गरेका छौं र यो एक वर्षको कार्यकालमा हामीले धेरै उपलब्धीहरु यो प्रदेश सभाले हासिल गरेको छ । र अब आगामी दिनमा अझै

हाम्रो गण्डकी प्रदेशलाई अग्रगतिका साथ अगाडी बढाउन हिजो हामीले अचानककै भए पनि वृक्षारोपण कार्यक्रम गर्ने मौका पाएका थियौं। र अहिले यो भर्खरै शुरु भएको संघीयता समावेशीता र विशेष गरेर तीन तहको सरकार यो एक वर्षको कलिलो उमेर यसले पार गरेको छ तर आज यसलाई बलियो बनाउने हामी सबै प्रदेश सभाका हामी सबैको साझा कर्तव्य हो किनभने यो संविधान हामी सबैले स्वीकारेको हामी आफैले निर्माण गरेको हुँदा यो साझा कर्तव्यबाट हामी कोही पनि नविचलित हुन आवश्यक छ न हामी यो जिम्मेवारीबाट भाग्न सक्छौं तर आज यो कुरालाई बिर्सेर कता कता विभिन्न आन्दोलनको नाममा त्यसलाई बहाना बनाएर अस्थितरता सिर्जना गर्ने तेति मात्रै होइन राष्ट्रको सम्पत्तीलाई नै एकखालको हानी नोक्सानी गर्ने। अलोकतान्त्रिक र अप्रजातान्त्रिक प्रकारका क्रियाकलापका सिनहरुले के देखाएर रहेका छन् भने हामीले चाहे जस्तो हामीले छिटो भन्दा छिटो जुन यो संविधानलाई कार्यान्वयन गर्न खोजेका छौं हामीले छिटो भन्दा छिटो देशको समृद्धिलाई अगाडी बढाउन खोजेका छौं र हामीले छिटो भन्दा छिटो हामीले नै स्थापना गरेको यो लोकतन्त्र यो गणतन्त्र यो समावेशितालाई स्थापित गर्न खोजेको छौं। त्यसले ठूलो नोक्सान हुन्छ भन्ने हामी सबैले हेक्का राख्न हामी सबैलाई जरुरी छ सभामुख महोदयज्यू। र आज पटक पटक एउटा व्यक्तिको विषयलाई लिएर राज्यले सम्बोधन गर्दा गर्दै पनि हामीले फेरी पटक पटक तेही कुरालाई एकखालको इशु बनाई राख्या छौं। डा. गोविन्द के.सी.को बारेमा पटक-पटक राज्यले सम्बोधन गरेको हो र एक खालको जे सम्झौता गर्‍यो त्यो स्वास्थ्य विधेयक करिब करिब जस्ताको तेस्तै सदनले पास गरेर कार्यान्वयनको अवस्थामा हुँदा पनि त्यो इशुलाई फेरी अनावश्यक उचाल्ने कामहरु भयो त्यो वास्तवमा यो लोकतन्त्रलाई सुहाउने विषय होइन। हामीले एकातिर संघीयता भनेका छौं। स्वाभाविक संघीयताको धारणामा यसका आफ्नो संरचनामा सबै कुराहरु केन्द्रमा नराख्ने प्रदेश र स्थानीयमा लाने भन्ने व्यवस्था जुन एक खालको संविधानले जुन सोचेको छ।

तद् अनुसार क्रियाकलाप भै रहेको हुँदा पनि फेरि त्यसलाई हामीले राजनीतिक इशु बनाई राखेका छौं जस्तै गिरिजा प्रसाद श्वास प्रश्वास केन्द्र सुशील कोइराला क्यान्सर अस्पताल। त्यो राज्यले कहिलेपनि त्यसलाई सम्बोधन नगर्ने भनेकै थिएन भनेको छैन। संधै संधै सम्मानित नेताहरुको सम्मानमा त्यो कामहरु गर्ने भनेको  छ तर केन्द्रिय सरकारले गर्ने कि प्रदेश सरकारले गर्ने त्यो फरक विषय हो। त्यो राज्यले सम्बोधन गरेकै छैन। त्यो विषयमा पनि त्यसलाई अनावश्यक राजनीतिकरण गर्नु पर्छ भन्ने जरुरी छैन सभामुख महोदय। जुन वर्तमान सरकारले फेरि त्यसलाई एएटा थप सम्बोधन गरेको एक खालको हामी सबैको लागि खुशीको विषय नै छ। र त्यस पछाडी हामीले यो सदनमा कतिपय तेस्ता दृश्यहरु पनि देखि रहेका छन्। आज हामीले यो चाहेको व्यवस्था हामीले ल्याएको यो व्यवस्था यो सानो दुखले आर्जेको हो र सभामुख महोदय। हामी सबैलाई थाहा छ। हजारौं शहिदहरुको बलिदान हजारौं नेपाल आमाका छोरा छोरीहरुको कष्टकर जेल बसाई देखि लिएर धेरै ठूलो बलिदान तर हामीले दृश्य के देखि रहेको छौं भने कतिपय सवालमा त्यो त बच्चा जन्माउने त्यसको वास्तविक व्यथा बच्चा जन्माउने आमालाई मात्रै थाहा हुन्छ भने जस्तो यो व्यवस्था ल्याउनको लागि हामीले बिताएका कष्टकर जीवनहरु त्यो यहाँको अधिकांश साथीहरुलाई थाहा छ र त्यसमा हामी सबै सहभागी भएका छौं तर दृश्य के देखिएको छ भने जुन गोरुको सिंह छैन त्यसकै नाम तिखे भने जस्तै कतिपय मान्छेहरु जो आन्दोलनको नाममा एक दिन एक किलोमिटर आन्दोलनमा हिडेका छैन कहिले जातलाई उचालेका चाँही छन् कहिले भेगलाई उचालेका छन् यति मात्रै होइन छेपाराले रंग फेरे जस्तो चैतमा एउटा पार्टी छ बैशाखमा अर्को पार्टी छ। त्यो तरिकाले त्यो इमानदारिताले हामीले चाहेको व्यवस्थाको संस्थागत विकास हुन सक्दैन सभामुख महोदय। तसर्थ हामी सबै त्यो इमानदारितामा अडिग रहनु पर्छ । र आजको आवश्यकता तेही नै छ । तेति मात्रै होइन आज जुन नेताहरुले यो देशको नेतृत्व चाँही गरि रहेका छन् ।

जुन नेताहरुले आज यो शासन व्यवस्था ल्याउनका लागि आफ्नो सिंगो जीवन त्यसलाई समर्पित गरेका छन् । आज दृश्यहरु देखिएको छन् तिनै नेताहरुको बारेमा दुर्भाग्यवश जातको लागि फेरी थापै झुण्डिएका चाँही छन्। आज बढी खुल्लमखुल्ला चाँही भनिएको छ के=पि= ओलिलाई संघीयताको बारेमा थाहा छैन। प्रचण्डलाई लोकतन्त्रको बारेमा थाहा छैन। हामी सबैले देखेको दृश्य के हो भने के.पि. ओलिले ज्यानको बाजी राखेर राजतन्त्रको विरुद्धमा धावा बोलेर झापा आन्दोलन गरि रहँदा १४-१४ वर्ष जेल बस्दा सायद ति भन्ने मान्छेहरु आमाको कोखबाट बाहिर धर्तिमा आएका थिए कि थिएन एक पटक राम्रोसंग चिना हेर्न पर्यो। प्रचण्डले टाउकोमा कात्रो बाँधेर आज यो गणतन्त्रको लागि यो संघीयताको लागि लडाई लडी रहँदा सायद तिनै मान्छेहरु तत्कालीन प्रधानमन्त्रीको आडमा बसेर प्रचण्डको टाउकोको मूल्य कति राख्ने भनेर ड्राफ्ट गर्दै थिए। आज यो दृश्य यो व्यवस्थाको लागि सुहाउँछ कि सुहाउँदैन सभामुख महोदय । हामी सबै यो प्रदेशका सभासदहरु गम्भीर बन्न जरुरी छ। नत्र अहिले पनि प्रतिगामी शक्तिहरु अहिले पनि पुर्नथानवादी शक्तिहरु त्यो चाहि रहेका छन् फेरी नेपाली जनतालाई कसरी भडकाउने। कसरी यो उपलब्धीहरुलाई छिन्न भिन्न पार्ने। यो बाट यो सम्मानित यस सभाका हामी सम्पूर्ण सदस्यहरु सजग र सतर्क हुन जरुरी छ सभामुख महोदय। भारतको प्रजातन्त्रको बारेमा त्यहाँका महान कवि ध्रुवीले एउटा कवितामा लेख्या छन् न कुनै प्रजा हो न कुनै तन्त्र हो यो त मान्छेले मान्छे विरुद्ध गर्ने षडयन्त्र हो । के आज हामी तेहि चाहेका छौं ? हामीले त्यो चाहेका छैनौं । हामीले मान्छेले मान्छे विरुद्ध षडयन्त्र गर्ने शासन व्यवस्था होइन। मान्छेले मान्छेको लागि सेवा गर्ने शासन व्यवस्था चाहेका छौं। हामी सदा सदा शान्तिको पक्षमा छौं। राजनीतिक स्थिरताको पक्षमा छौं। विकासको पक्षमा छौं। समृद्धिको पक्षमा छौं। के यो भन्नु अधिनायकवादी हुन्छ। सरकारी गाडीहरुलाई तोडफोड गरेर जलाएर दिनदहाडे जलाउनेहरु अधिनायकवादी हुन्छन् कि सुखी नेपाली समृद्ध

नेपाल बनाउने त्यो लक्ष्य बोक्ने विचार अधिनायकवादी हुन्छ। यो गम्भिरतापूर्वक हामी सबै सभासदहरुले सोच्नु पर्ने विषय छ सभामुख महोदय। तसर्थ हामी हाम्रो देशलाई जनताले जनताको विरुद्ध षडयन्त्र गर्ने शासन व्यवस्था तर्फ होइन। हामीले छिटो भन्दा छिटो हामीले यो हामीले यो हाम्रो बलिदानले ल्याएको शासन व्यवस्थालाई यो स्थापित गर्न चाहन्छौं र यो भएकै पनि छ। एक-एक वर्षमा सबै कामहरु हुँदैन सभामुख महोदय । आज प्रदेश सभा हिजो मात्रै एक वर्ष पुगेको छ। बस्ने अफिस थिएन कर्मचारीको व्यवस्था थिएन बजेट थिएन । यो सारा कुराहरु एक वर्षमा व्यवस्थित भएको छ। विकासका कुराहरु पनि संगसंगै लगिएको छ। अझ हामीसँग नियम थिएन विनियम थिएन विधेयक थिएन कानुन थिएन त्यो सबै व्यवस्था प्रदेश सरकारले अहिले गरेको छ। यहि रफ्तारका साथ अहिले पनि हाम्रो मन्त्रीहरु जुन एक खालको गतिशीलताका साथ काम गरी रहनु भएको छ। यसो मेसो हेर्दा अझै यो गतिलाई अझै व्यवस्थित गर्नु भयो भने अझै लामो समयसम्म यो सरकारले धेरै काम गर्न सक्छ। त्यो कुरालाई हामीले आंकलन गर्न जरुरी छ। निश्पक्ष ढंगले मूल्याङ्कन गर्न जरुरी छ सभामुख महोदय। तसर्थ अहिले जे जति एक खालको अफवाहहरु फैलाइएका छन्। त्यसलाई हामी सबैको साझा प्रयत्न बाट हामीले अगाडी बढनु पर्ने आजको आवश्यकता छ। तसर्थ हामी उपस्थित गण्डकी प्रदेशका सभासदहरुको बारेमा अस्तिको कान्तिपुरले पनि राम्रो कुरा लेखेको थियो र हामी सबै आगामी दिनमा अझै आन्तरिक एकताका साथ हामीले जुन हिजो सदनमा बोलेका छौं । हामीले हाम्रो प्रदेशलाई पाँच वर्ष भित्र एउटा समृद्ध प्रदेश बनाउने भनेर हामीले हिजो यो सदनमा बोलेका छौं। हरेक रचनात्मक काममा हामी सहकार्य गरेर अगाडी बढने छौं भनेर त्यो हाम्रो आ-आफ्नो प्रतिबद्धतालाई इमानदारिता पूर्वक हामी सबैले व्यवहारमा कार्यान्वयन गरौं भन्दै मेरा आफ्नो विचारहरु टुङ्गयाउन चाहन्छु सभामुख महोदय । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री विन्दुकुमार थापा । समय १० मिनेट ।

## माननीय बिन्दु कुमार थापाज्यू

माननीय सभामुख महोदय, माननीय कृष्ण थापाज्यूको भनाई प्रति केही असहमति राख्दै म केही कुराहरु राख्न चाहन्छु । नेपालमा नेपाल कम्युनिष्ट पार्टीको दुई तिहाईको दुर्लभ सरकार आई सकेपछि करिब एक वर्षमै भ्रष्टाचारले नयाँ रेकर्ड कायम गरेको छ। भ्रष्टाचारको सूचकांकमा नेपाल अग्र स्थानमा पुग्दै गएको छ। वाइड बडी प्रकरण छ जुन चार अर्ब पैंतिस करोडको त्यसलाई अहिले फेरी संसदीय समिति भन्दा माथि फेरी उच्च स्तरीय समिति भनेर अर्को एउटा ढाकछोप समिति पनि बनाई सकेको अवस्था छ। त्यसरी नै सुनको कुराहरु भ्रष्टाचारको कुराहरु आई रहेको छ। जुन सुन चाँही अहिले फेरी रातारात तामा र ढलौट भई सकेको सुन्नमा पनि आई सकेको छ। यस्तै ३७ अर्बको तारा गाउँ रिसोर्टको शेयर बिक्रीको प्रकरण पनि अ ताजा नै छ। म यता तिर जान चाहन्न अहिले। सुशासन तथा विधिको शासनको बदलामा भ्रष्टाचारमा सरकारी निकाय चुर्लुम्म डुबेको छ। पैसा अगाडी नसारी जनताको काम हुँदैन। सरकारी गाडी सरकारी सम्पत्तीको दोहन बढदै गई रहेको परिपेक्ष्यमा नेपाली काँग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघले देश भरै शनिवार लगायत सार्वजनिक विदाका दिनमा सरकारी गाडीहरु नीजि प्रयोजनमा प्रयोग हुन नदिने तथा सरकारी सम्पत्तिको दुरुपयोग हुन नपाओस भन्ने हेतुले केन्द्रिय नीति अनुरुप नै निगरानी बढाउँदै आएको छ। यस परिपेक्ष्यमा २०७५ साल माघ १९ गते शनिवारका दिन पोखरा ७ मासबारमा पोखरा महानगरको शिक्षा शाखाको गाडी प्रयोगमा आएकोले चाबी मात्र लिने नीति अनुरुप हाम्रा विद्यार्थी साथीहरुले उक्त गाडीका चाबी लिएका थिएं। उक्त समयमा सरकारी गाडीको आगजनी पनि भएको छ।

त्यस्तो घटना दुखद हो। त्यस्तो नभएको भए राम्रो हुन्थ्यो। यसमा हाम्रो पार्टी नेपाली काँग्रेस दुख व्यक्त गर्दछ। घटनामा संलग्न दोषीलाई सप्रमाण खोजी गर्न र कडा कारवाहीको लागि हामी सरकारसंग माग गर्दछौं। यस विषयमा अनुसन्धान जारी छ। दोषी को हो पहिचान भएको छैन। यो अनुसन्धानको विषय हो। गाडी आधिकारिक व्यक्तिले नचलाई असम्बन्धित व्यक्तिले चलाएको छ। तर आशंका कै भरमा अंधाधुन्ध बिना प्रमाण हाम्रो विद्यार्थी भाईहरुलाई जिल्ला प्रहरी कार्यालय कास्कीमा अमानवीय व्यवहारका साथ अन्य थुनुवाका संगै थुनिएका छन्। यस्तो गैर राजनैतिक चरित्र यो सरकारले देखाएको छ कि हामी यसको घोर भर्तसना गदछौं। सभामुख महोदय, उक्त समयमा गाडीमा तोडफोड गर्ने आगजनी गर्ने नेपाली काँग्रेस अन्तर्गतको विद्यार्थी संगठनको कुनै नीति तथा निर्देशन कदापी थिएन र होइन पनि यसमा घुसपैठ भएको हामीलाई लागेको छ। ने.वि. संघको नीति अनुसार चाबी मात्रै लिएकोमा आगजानी गरेको सार्वजनिक सम्पत्ति हानी नोक्सानी पुर्याएको आरोप लगाई केन्द्रको तथा गृहको आदेश पनि हाम्रा विद्यार्थीहरुलाई अनाहकमा झुठ्ठा मुद्दा लगाई थुनिएको छ। सभामुख महोदय उक्त दिन हाम्रो विद्यार्थी नेता धिफान बुझेल, विनय पौडेल, परशुराम बस्नेत, लक्ष्मी पौडेल, राजेन्द्र बराल समेत पाँच जनालाई थुनामा राखिएकोमा लक्ष्मी पौडेल र राजेन्द्र बराललाई एक दिन पछि छाडीएको छ भने धिफान भुजेल, विनय पौडेल र परशुराम बस्नेतलाई जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी ल्याइएको छ। नेपालको राजनीतिक इतिहासमै दुर्लभ मानिएको सात वटा प्रदेश मध्ये छ वटा प्रदेशमा नेकपाको स्पष्ट बहुमतको सरकार छ। संघमा दुई तिहाईको बहुमत छ। पाँच वर्षसम्म कसैले हल्लाउन सकिने अवस्था छैन । यति बलियो सरकारबाट जनताहरुले धेरै आशा राखेका थिए । नेकपाको घोषणा पत्रमा उल्लेखित आश्वासन अबको स्थायी सरकारले पुर्याउँछ भन्ने थियो । आर्थिक विकासका लागि आर्थिक समृद्धिका लागि सुशासन विधिको शासन कायम गर्ने भ्रष्टाचार न्यूनीकरण गर्न रोजगारी बढाउन पूर्वाधारको विकास गर्न प्रमुख

प्रतिपक्षले रोकेको छैन । सहयोग गर्दै आई रहेको छ नै । यो सहयोग गराई तथा सहयोगी भूमिकालाई नेपाली काँग्रेसलाई प्रतिपक्ष जस्तो भएन । रुझेको बिरालो जस्तो भयो । दरो संग उभिन सकेन अडान राख्न सकेन भन्ने आरोप पनि नलागेको होइनन । यस्तो सहज अनुकूलको अ प्रतिपक्षी हुँदा पनि सरकारले यो एकवर्ष अपेक्षित विकासको काम गर्न सकेन बरु हत्या हिंसा बलात्कारका घटना बढदै गयो। मँहगी बढेको छ। बैंकको ब्याज बढेको अवस्थाले व्यवसाय थप्ने अवस्था छैन। बजारमा लिक्विडिटी क्राइसिस छ। अर्थतन्त्रको सूचकांक पुंजी बजार धरासायी बनेको छ। स्थानीय सरकार पोखरा महानगरले जनताले धान्नै नसकिने गरी क्षमता भन्दा बढी करको भार थोपारिएको छ। महानगरको घर र जग्गा सम्पत्ति कर तिर्न वर्षैबिच्छे घरेडीहरु बेच्नु पर्ने स्थिति छ। नेप्से सूचक परिसूचक एक वर्षको बिचमा १६०० को बिन्दु बाट ११०० मा झरेको छ। लगानी मैत्री वातावरण बन्न सकेको छैन। सभामुख महोदय, स्थानीय सरकारले प्रदेश सरकारलाई टेरेको छैन। भरपूर असहयोग नै गरेको छ। संघ र प्रदेश बिचको सम्बन्ध पनि सुमधुर बनी सकेको छैन। संघले प्रदेशलाई अंकुश लगाउन तानाशाही लादन खोजेको छ। संविधानमा उल्लेखित अधिकार दिन पनि आनकान गरी रहेको छ। भएन भनेर हालै स्रोत सुरक्षा सम्बन्धी नीतिमा सिडीओलाई, प्रदेश सरकारलाई  नै खबरदारी गर्ने संस्थाको रुपमा शक्तिशाली बनाउन खोजेको छ। प्रधानमन्त्री, मन्त्रीहरु, राष्ट्रपतिहरु विलासिता तिर उन्मुख छन् । यसले संघीयतालाई नै कमजोर बनाउने निश्चित छ। प्रदेश असफल हुने भनेको संघीयता नै जाने हो । यो कुराको हेक्का संघले राखेको देखिएन। सभामुख महोदय विगतमा कास्की जिल्ला मै जिल्ला शिक्षा कार्यालयको गाडी तत्कालीन अखिलका विद्यार्थीहरुले जलाएर पूर्ण रुपमा क्षति हुँदा उहाँहरु पाँचौं दिनमा बिना शर्त मुक्त भएको हामी संग इतिहास ताजा छ । यो कुरा म यहाँ स्मरण गराउन चाहन्छु अत माननीय सभामुख महोदय मार्फत हाम्रो पार्टी नेपाली काँग्रेस प्रदेश सरकारलाई हाम्रा तीन जना विद्यार्थी नेता विफान भुजेल विनय

पौडेल र परशुराम बस्नेतलाई बिना शर्त स-सम्मान रिहा गर्नको लागि जोडदार माग गर्दछ र हामी अन्यायमा परेका विद्यार्थी नेताहरु उपर परेको मुद्दामा नेपाली काँग्रेस टुलुटुलु हेरेर बस्दैन यो नितान्त राजनीतिक मुद्दा हो हामीलाई कडा भन्दा कडा संघर्षका कार्यक्रम ल्याउन बाध्य नपारियोस् र समयमा नै सरकारको विवेक पुगोस् भन्दै। मेरो आफ्नो भनाई टुंग्याउँछु । धन्यवाद। जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय सदस्य, श्री इन्द्रलाल सापकोटा । समय १० मिनेट ।

## माननीय इन्द्रलाल सापकोटाज्यू

सभामुख महोदय, यति बेला मुलुक आन्दोलनको मोडमा अगाडी बढेको महसुस भई रहेको छ। हामीहरु देखि रहेका छौं भर्खरै बहुचर्चित चिकित्सा विधेयक केन्द्रिय सरकारबाट पारित भएको छ । डा. गोविन्द के.सी.को सत्याग्रहको आन्दोलन फिर्ता भएको छ। डा. गोविन्द के.सी.ले उठाएका जो चिकित्सा क्षेत्रमा उठाएका थुप्रै विषयहरु यो विधेयकले सम्बोधन गरेको छ। तेति हुँदाहुँदै पनि यति बेला मुलुकमा जुन आन्दोलनको रापतापको जुन कुरा अगाडी बढी रहेको छ। वास्तवमा मलाई अनौठो लाग्छ कि हामी विधिको शासनको कुरा गर्न खोज्छौं हामी मूल्य मान्यताको कुरा गर्न खोज्छौं र हामी लामो समय यो मुलुकको राजनीतिक परिवर्तनको निम्ति अ शामिल भएर मुलुकको आन्दोलनमा परिवर्तनको आन्दोलनमा शामिल भएर आएका सहयात्री मित्रहरु यति बेला भर्खरै मैले सुन्दै छु यो सरकारी गाडी जलाउने कुरा यो विधि सम्वत छ यो राजनीतिक मुद्दा हो त्यस कारण फिर्ता गरिनु पर्छ भनेर जुन दम्भका साथ उठाउनु भई रहेको छ वास्तवमा म खेद प्रकट गर्न चाहन्छु कि यति बेला कानुनी राजको वकालत कसैले गर्छौं भने दिनदहाडे सरकारी गाडी जलाउने कुरा यो कारवाहीको विषय हो कानुनी राज्य भित्र कुनै पनि सरकारी गाडी मात्रै हइन त्यो कुनै पनि

सरकारी सम्पत्ति कुनै पनि व्यक्तिको सम्पत्ति हिनामिना गर्ने छुट कसैलाई पनि छैन नत्र यो संसदबाट सर्वप्रथम त्यो सरकारी सम्पत्ति हिनामिना गर्ने माथि कानूनी कारवाहीको माग गर्न चाहन्छु सभामुख महोदय। दोस्रो कुरा मैले यहाँ उठाउन खोजेको विषय के हो भन्दा खेरी सोर्हौं पटकका अनशन चिकित्सा विधेयक हाम्रो बिचमा आयो तर वास्तवमा मेडिकल क्षेत्रमा अहिले पनि मेडिकल माफियाहरु भनेर जुन शब्द जालमा जे सुकै भनेपनि मुक्त हुन सकेको स्थिति देखिन्न। मैले यहाँ ध्यानाकर्षण गर्न खोजेको कुरा के हो भन्दा खेरी त्यो गण्डकी मेडिकल कलेज हाम्रै गण्डकी प्रदेशको राजधानी पोखरामा संचालित छ। आज एक हप्तादेखि गण्डकी मेडिकल कलेजका विद्यार्थीहरु कलेजमा तालाबन्दीको अवस्था छ। प्रशासनमा तालाबन्दीको अवस्था छ र यो चार बुँदे माग राखेर हाम्रो मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, जिल्ला प्रशासन कार्यालय लगायतका सरोकार निकायमा ध्यान केन्द्रित गरि रहनु भएको छ। फेरी पनि माग पुर्याउन सकेको छैन। आज पनि क्याम्पस प्रशासन विद्यार्थीहरुसंग बस्ने सहमति खोज्ने र गलत चिजलाई सच्चाउने कुरामा कुनै तदारुकता देखाउन सकिन्न । वास्तवमा TU द्वारा सम्बन्धन प्राप्त यो गण्डकी मेडिकल कलेज बिएससी गरेर एमबीबीएस, बीडीएस, बिएन, बीपिए लगायतका क्लासहरु चलाई रहेको छ । यी विद्यार्थीहरुबाट TU संग जुन सम्बन्धन प्राप्त गर्दा जो एउटा सम्झौता छ एमबिबिएसमा बिडिएसमा बिपिएच र बिएनमा हामीले यता भित्र पढाउँछौं भनेर अलटोटल विद्यार्थीहरुको एउटा आइडेन्टिटी कार्डको पनि छुट्टै पैसा लिन नपाउने गरी एउटा सम्झौता भएको छ तर प्रत्येक विद्यार्थीसंग दुई लाख देखि सात लाखसम्म पर विद्यार्थीबाट पैसा असुल गरिएको छ। र जुन पैसा लिने गरिन्छ बिना बिल बिना रसीद पैसा लिने अनि विद्यार्थीहरु कानुन भन्दा बाहिर सम्झौता भन्दा विपरीत TU ले तोकेको फि भन्दा विपरित फि लिन पाइन्दैन अहिले पनि वास्तवमा कुनै मागको सुनुवाई गर्ने कुरा गरिएको छैन । त्यस कारण सभामुख महोदय मार्फत मैले प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु सम्बन्धित

निकायको ध्यानाकर्षण गर्न चाहन्छु कि वास्तवमा हामी शिक्षा क्षेत्रलाई म वास्तवमा लाज लाग्छ आज नेपाल विद्यार्थी संघले गाडी जलाएको सुन्छु । वास्तवमा डाक्टर पढने विद्यार्थीहरु, नर्सिङ्ग पढने विद्यार्थीहरु, बिपिए पढने विद्यार्थीहरु, आज शान्तिपूर्ण जुलुसमा छन्। विभिन्न कार्यालय ध्याई रहेका छन् यि विद्यार्थीहरुको मागको बारेमा चासो कुनै सरोकार छैन त्यस कारण म वास्तवमा आग्रह गर्न चाहन्छु। यो मनपरि फि लिने तोकिएको सम्झौता कार्यान्वयन नगर्ने, विधि र कानुन मान्नु नपर्ने र सिंगो सुशासन माथि नै धावा बोल्ने कानुनी राज्य माथी नै धावा बोल्ने जुनमा मेडिकल कलेजहरु छन् । मैले यहाँ ठोस गरेर भन्दाखेरी गण्डकी मेडिकल कलेजको सम्बन्धमा प्रदेश सरकार र सम्बन्धित निकायको यसको सत्य तथ्य यथार्थ के हो बुझेर छिटो भन्दा छिटो त्यो आन्दोलन र विद्यार्थीहरु पढने वातावरण बनोस र विद्यार्थीहरुसंग असुल गरिएको जुन मनपरि पैसा हो त्यसलाई फिर्ता गराउन र वास्तवमा सम्झौतालाई अक्षरश कार्यान्वयन गराउने कुरामा यो सरकारको ध्यान जाओस् । यहि कुरा सभामुख मार्फत राख्दै विदा हुन्छु। धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य, श्री डोवाटे विश्वकर्मा । समय ५ मिनेट ।

## माननीय डोबाटे विश्वकर्माज्यू

सभामुख महोदय, हाम्रो नीति र कार्यक्रम अनुसार नगरपालिकामा पचास बेड र गाउँपालिकामा पच्चिस बेडको अस्पतालहरु स्थापना गर्ने भन्ने हाम्रो नीति तथा कार्यक्रममै व्यवस्था भए बमोजिम तनहुँको दमौली बजारको सदरमुकाम रहेको दमौली हस्पिटल तनहुँ लमजुङ्गको दक्षिण भाग गोर्खाको पश्चिम र दक्षिण भागमा समेत त्यहाँ उपचारको लागि आउने ठाउँ भएकोले गर्दा दमौली दमौली हस्पिटललाई पचास बेडको हस्पिटलको लागि स्विकृत गरियोस् भन्ने माग गर्न

चाहन्छु। र अर्को कुरा हाम्रो बजेट विनियोजन भएको धन्न धन्न आठ-नौ महिना भै सक्यो अवस्था छ। त्यस कारणले म यो बजेट सन्दर्भमा अरु केही जिज्ञासा राख्न चाहन्छु सभामुख मार्फत प्रदेश सरकारलाई। जनता आवासका बजेटहरु अहिले सम्म कहाँ कसरी के भएका छन् त्यसको कुनै अत्तो पत्तो र कुनै हामीले थाहा पाउन सकेका छैनौं त्यसमा पनि सम्बन्धित मन्त्रीज्यूबाट जवाफ पाइन्छ भन्ने मैले विश्वास लिएको छु र अर्को यो प्रदेशमा धन्नै चार लाख भन्दा बढी लक्षित समुदायहरु छन्। दलित र पिछडिएको समुदायहरु छन् त्यो लक्षित वर्गको लागि छुटेको बजेट पनि अहिलेसम्म कसरी वितरण भएको छ कसरी त्यो कार्यक्रम बनाईएको छ। त्यो विषयमा कुनै अत्तो पत्तो छैन। त्यो विषयमा पनि मन्त्रीज्यूबाट त्यो सन्दर्भमा पनि जानकारीका लागि म हार्दिक अनुरोध गर्न चाहन्छु र अर्को कुरा जुन तीन वटा मन्त्रालयहरु बाट विनियोजन भएको बजेट हो त्यो बजेट हामीले भन्दै आएको छौं। तेति खेरा पनि यो पोके बजेट भनेर यो धोखे बजेट भएको छ जस्तो हामीले अनुभूति गरेका छौं। किनभने आज विभिन्न मन्त्रालयको शिर्षकमा जस्तो उद्योग मन्त्रालयको विभिन्न शिर्षकमा गएर एक सय एक सय एक बुँदामा चाँही तेस्को बजेटहरु विनियोजन भएको देखिन्छ। तर यि बजेटहरु सबै सबै बजेटहरुलाई केरे जुन हामीहरुले जुन विधि बनाएर जुन वितरण गर्दै हुनु हुन्छ। त्यो सबै बजेटहरुलाई त्यो सबै विधि कार्यविधि बनाएर खर्च गर्ने भन्नु भएकोछ। सबै बजेटहरु कार्यविधि बनाएर खर्च हुँदैछ कि मसिनो बजेटहरु पनि फुच्चे बजेटहरु पनि छन् त्यसमा त्यसलाई पनि कसरी वितरण गरिएको छ। त्यो कुरा पनि हामीले थाहा पाउन सकेका छैनौं। त्यस कारण मैले यो पोके बजेट होइन यो धोखे बजेट हुन पुगेको छ भन्ने मैले ठानेको छु। अर्को भूमि व्यवस्था कृषि मन्त्रालयको शिर्षकको बजेटमा पनि ६२ वटा बुँदामा विभिन्न बजेटहरुको ६२ वटा बुँदामा बाँडिएको छ । ति कार्यविधि बनाएर सबै वितरण हुने हो कि केही कार्यक्रमहरु कार्यविधि बनाएर वितरण हुने हो त्यो कुरा पनि हामीले जानकारी पाउन सकेको छैन र कृषिको बजेटमा ठूलो ठूलो

बजेटहरु वितरण हुँदैछन् । त्यहाँ बिचौलिया र त्यहाँ धेरै भ्रष्टाचारको चलखेल हुँदैछ भन्ने कुरा बाहिर सुन्नमा आएको छ तेहि कारणले तेस्तो खालको कार्यक्रम तेस्तो खालको कार्य भयो भने त्यसको हामीले बाध्य भएर त्यसको विरोधमा हामी उत्रन अवस्था आउन सक्छ। यसको लागि म सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु। अर्को सामाजिक मन्त्रालयको बजेटमा पनि विभिन्न शिर्षकमा गएर १५० वटा शिर्षकमा त्यसको बुँदामा त्यो बजेटहरु बाँडिएको अवस्था छ। त्यो बजेट पनि अब यो कार्यविधि बनाएर सबै बजेटहरु बाँडफाँड हुने हो कि आफ्नो सुरबाट त्यसलाई आफूले जसरी पनि बाँडदा हुने हो भन्ने कुरा सिर्जना हुने हो।त्यो कुरा पनि हामीले केही थाहा नपाएको हुनाले सम्बन्धित तीनवटा मन्त्रालयबाट विनियोजन भएकै पोके बजेटहरु र धोखे बजेटमा परिणत नहोस् र कम से कम हामी प्रदेश सभाका सदस्यहरुले पनि यस्तो जानकारी पाउने जनताका माझमा यथार्थ ढंगबाट ति बजेटहरु पनि विनियोजन होस् र त्यसले यथार्थ जनताका मागहरु सम्बोधन गरोस् भन्दै अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ ।

अब म, माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री राम शरण बस्नेतलाई सभामा विभिन्न मितिको शून्य समय र विशेष समयको कार्यक्रममा उठेका प्रश्नहरुको जवाफका साथै समसामयिक विषयमा आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

## माननीय राम शरण बस्नेतज्यू

सभामुख महोदय, गण्डकी प्रदेशको सम्मानित सदनमा शुन्य र विशेष समयमा माननीय सदस्यज्यूहरुले भौतिक पूर्वाधार विकास मन्त्रालयसंग सम्बन्धित विविध

सवालमा उठाउनु भएका प्रश्नहरुको जवाफ माननीय सभामुखज्यू मार्फत यो सम्मानित सदनमा सभामा दिन चाहन्छु। एक भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यालय खोलेको छ तर हालसम्म केही काम शुरु गरिने शुरु गरिएको पाइएको छैन न त बजेट छ न केही काम। के भएको हो कार्यालय खुले मात्र पुग्ने हो कि के हो भन्ने सन्दर्भमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरु मार्फत काम संचालित भएको सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु। यस मन्त्रालय अन्तर्गत यस आर्थिक वर्षमा कुल दश अर्ब पचहत्तर करोड बजेट रहेको छ। जसमा प्रदेशबाट विनियोजित ६ अर्ब ३३ करोड र संघबाट सशर्त ४ अर्ब ४२ करोड रहेको कुरो म जानकारी गराउन चाहन्छु। २०७४ माघ २८ गते कुल जनशक्ति २३ जनाको संगठन संरचनाबाट स्थापना भएको यस मन्त्रालय हालसम्म आई पुग्दा ४९० जना जनशक्ति भएको संरचनामा पुगेको छ। यसमा मन्त्रालय मातहत विभिन्न निर्देशनालय र कार्यालयहरु गरी कुल २९ वटा निकायहरु रहेका छन्। हाल ३१० जनशक्ति कार्यरत रहेको यस मन्त्रालय मातहतका कार्यालयहरु स्थापना कार्य सम्पन्न गर्न मंसिर महिनासम्म लाग्यो यद्यपि सबै खाले कार्यक्रमहरु कार्यान्वयनमा गई सकेको कुरो म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। भौतिक पूर्वाधार संरचनाहरु कार्यान्वयनमा पूर्व तयारीका चरणहरुमा समय धेरै लाग्ने भएता पनि जनताको नजरमा भौतिक प्रगति नदेखिने कारणले कतै बजेट खर्च नहुने हो कि भन्ने आशंका मात्र देखिएको छ। अपर्याप्त संगठन एवं जनशक्तिका बावजुद पनि आर्थिक रुपमा वार्षिक रुपमा संचालन गरि सम्पन्न गर्नु पर्ने खालका धेरै जसो आयोजनाहरु कार्यान्वयनमा गई सकेको र एवं बहुवर्षीय प्रकृतिका योजनाहरुलाई विस्तृत आयोजना प्रतिवेदन तयारी चरणमा समय लाग्ने हुँदा सो समेतको प्रगति उन्मुख रहेको जानकारी गराउन चाहन्छु। जहाँसम्म खर्चको कुरो छ वित्तिय प्रगति अ कम जस्तो देखिए तापनि भौतिक प्रगति क्रमश भई रहेकोले करिब ६० करोड खर्च भएको र यस आ.व.को

अन्त्य सम्ममा बजेट अपुग हुने मन्त्रालयले प्रक्षेपण गरिएको जानकारी गराउन चाहन्छु। संघीय सरकारबाट हस्तान्तरित सडक, सिंचाई, खानेपानी, भवन जस्ता क्षेत्रमा हाल उपलब्ध ४ अर्ब ४२ करोड बजेट अपुग हुने देखि अर्थ मन्त्रालयमा थप ४ अर्ब १४ करोड रकम समेत माग गरी पठाई सकिएको छ। पर्याप्त स्रोत साधन एवं जनशक्तिको अपूर्णताका बिचमा समेत हाल सम्म मन्त्रालयले गरेको कार्यको प्रगति उत्साह जनक छ। हाल कर्मचारी समायोजनको प्रक्रिया अगाडी बढी रहेको सन्दर्भमा मन्त्रालयको विद्यमान कामको गतिमा अप्ठयारो पर्न सक्ने हो कि भन्ने आशंका समेत सिर्जना भएको छ। आगामी दिनमा यसको समेत उचित व्यवस्थापन गर्दै मन्त्रालय अगाडी बढने छ। सभामुख महोदय, मन्त्रालयबाट सम्पादन गरिएका हाल सम्मका ऐन कार्यविधि तर्फका मुख्य-मुख्य प्रगति सम्मानित सदन समक्ष प्रस्तुत गर्न चाहन्छु।

१. ऐन नियम अन्तर्गत मन्त्रालयले अवधारणा पत्र तयार गरेको छ ।

२. मन्त्रालयको वार्षिक नीति तथा कार्यक्रम तयार पारिएको छ ।

३. प्रादेशिक सडक संजालको प्रारुप तयार गरिएको छ र प्रदेश सवारी तथा यातायात व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा प्रस्तुत गरिएको छ।

४. बजेट कार्यान्वयनका लागि तयार भएका कार्यविधिहरु जस्तै १. बहुउद्देशीय भवन सभाहल निर्माण २. सार्वजनिक शौचालय निर्माण ३. स्मार्ट शौचालय निर्माण ४. पार्क मनोरंजन स्थल निर्माण ५. सडक साझेदारी सडक कार्यान्वयन ६. जनता आवास कार्यक्रम कार्यान्वयन ७. जलस्रोत तथा सिचाई योजना कार्यान्वयन ८. उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिहरु बनी सकेको जानकारि गराउन चाहन्छु।

निर्माणको चरणमा रहेका ऐन र कार्यविधिहरु विद्युत विस्तार कार्य सम्बन्धी कार्यविधि। विद्युत विस्तार सम्बन्धी कार्य विद्युत प्राधिकरण संगको समन्वयमा गर्नु पर्ने भएको र विद्युत प्राधिकरणको बजेट पास हुन समय लागेको हुँदा। विद्युत सम्बन्धी नीति कार्यविधि तयार हुन समय लागेको भए पनि एक हप्ता भित्र कार्यविधिहरु स्वीकृत हुने व्यवस्था छ। विद्युत विस्तार गर्न आवश्यक स्थानीयहरुको तथ्याङ्क प्राप्त भई सकेको अवस्था र सर्वेक्षण कार्य शुरु भई सकेको छ । मर्मत गर्नु पर्ने लघु जल विद्युतहरु को स्थानीय तथा सम्बन्धित जिल्लाका माननीयज्यूहरुसंग तथ्याङ्क माग गरिएकोमा हालसम्म ९१ वटा लघु जलविद्युतहरुको मर्मतका लागि नाम प्राप्त भएको छ । तिनीहरुको मर्मतको लागत अनुमान तयारी अगाडी बढी सकेको चाँही छ ।

२. काठेपुल प्रतिस्थापन गर्ने कार्यविधि बनी रहेको छ । जग्गा विकास कार्यक्रम संचालन मापदण्ड र कार्यविधि बनी रहेको छ ।

३. अब म मन्त्रालय अन्तर्गत सडक, सिंचाई, खानेपानी, शहरी विकास, यातायात तर्फको हालसम्मको भौतिक प्रगति प्रस्तुत गर्न चाहन्छु ।

**क. सडक तर्फ** — सडक एक निर्वाचन क्षेत्र एक सडक ३६ वटा

प्रादेशिक सडक क — ११ वटा प्रादेशिक सडक ख — ५३ वटा

प्रादेशिक सडक ग — १०५ वटा सडक कूल — ७० वटा

सम्भावित रणनीतिक सडक — २२ वटा एसएनआरटिपीको सडक — ४७ वटा

गरी कुल सडक कुल चाँही हाम्रो सडक कुल ३४४ वटा चाँही यो म भएको जानकारी गराउन चाहन्छु र बोलपत्र आव्हान १०५ वटाको चाँही भएको छ

र उपभोक्ता समिति मार्फत सम्झौता भएको सडक ६ वटा छ । २३३ वटा सडक र सडक पुलहरुको लागत अनुमान स्वीकृतको चरणमा चाँही छ र यो छिटो भन्दा छिटो चाँही अब बोलपत्र आव्हान कुरो म जानकारी गराउन सदनमा चाहन्छु ।

**ख. खानेपानी तर्फ** – खानेपानीका योजनाहरु माथिबाट हामीलाई हस्तान्तरित योजना र हाम्रा प्रदेशका योजना गरी ६९३ वटा योजनाहरु हाम्रा थिएं र अहिले हालसम्म सम्झौता भएका आयोजनाहरुको संख्या ५२२ पुगेको म सदनलाई जानकारी गराउन चाहन्छु । सिंचाई तर्फ सिंचाईमा धेरै योजनाहरु माथिबाट हस्तान्तरण भएको र हाम्रा योजना गरेर ४७१ वटा योजना थिए। टेण्डर आयोजना टेण्डर भएका संख्या १५ छ। उपभोक्ताहरुबाट चाँही सम्झौता भएका योजना ४४ छन् । डिपिआर सम्पन्न भएका योजना ६९ वटा छन् । निर्माण कार्य शुरु भएका योजना ५६ छ । निर्माण कार्य सम्पन्न भएका योजना ६ वटा छन् र सिंचाईका धेरै साना साना योजनाहरु भएका कारणले अरु योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन भई रहेको जानकारी पनि गर्ने गरी तयार भएको जानकारि पनि गराउन चाहन्छु। नदी नियन्त्रणका सम्बन्धमा १५२ वटा योजना छ। र टेण्डर त्यसमा टेण्डर १२ वटामा भएको छ। उपभोक्ता समिति मार्फत ६९ वटा योजनाहरु चाँहि अब सम्झौता भई सकेका छन् र निर्माण सम्पन्न भएको १५२ वटामा २० वटा योजनाहरु चाँही निर्माण सम्पन्न चाँही भएको म जानकारि गराउन चाहन्छु र भवन शहरी विकास तथा भवन कार्यालयहरुकोमा तीन वटा डिभिजन कार्यालयहरु छन्। तीन वटा कार्यालय मध्ये कास्की डिभिजनमा २० वटा योजना छ। २० वटा योजना मध्ये ९ वटा योजनाहरु बोलपत्र आव्हान गरी सकेको छ र अरु योजनाहरु अ अरु तयारीका क्रममा भएको म जानकारी गराउँछु। गोरखा शाखाले अहिले सम्म एउटै पनि बोलपत्र अ निकालेको छैन

तर लागत इस्टमेट स्वीकृति गरी बोलपत्र खोल्ने तयारीको चरणमा भएको जानकारी गराउन चाहन्छु। र बाग्लुङ्ग शाखाको १० वटा छ  र १० वटा मध्ये २ वटाको उसले टेण्डर गरी सकेको छ। अरु बाँकी योजनाको टेण्डर पनि उसले गराउने तयारीमा रहेको म जानकारी गराउन चाहन्छु। र प्रदेश सरकारबाट संचालनमा सम्पन्न हुन गई रहेका र सम्पन्न भई सकेका योजनाहरुको विवरण विशेषत खानेपानीको र सडकको छ। म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। प्रदेश प्रदेश सरकारबाट शुरु गरिएका स्याङ्गजा जिल्लाका तीन वटा खानेपानी आयोजनाहरु ताप्के खानेपानी आयोजना स्वच्छ बारी खानेपानी आयोजना बेलचौर लिफ्ट खानेपानी आयोजनाको निर्माण कार्य फाल्गुणको दोस्रो हप्तामा सम्पन्न हुनेछ र कुल ३३७ घर धुरी लाभान्वित हुने यो आयोजना यि आयोजनाहरुको अब उदघाटन कार्यक्रमहरु यो फाल्गुणको दोस्रो हप्ता हुने कुरा पनि म जानकारी गराउन चाहन्छु। यसै गरी गोरखा जिल्लाको निवेट खानेपानी योजना सम्पन्न भई सकेको छ। ४५-४५ घर धुरीलाई स्वच्छ स्वच्छ खानेपानी उपलब्ध । उपलब्ध भएको छ । यस खानेपानी आयोजनाको माग यहि १३ गते उद्घाटन गर्ने माग रहेको छ र यो नै प्रदेश सरकारले अबको बजेटबाट कार्यान्वयन भएको पहिलो आयोजना हुने जानकारी पनि म यहाँहरुलाई राख्न चाहन्छु। त्यस्तै गरी सडक तर्फ प्रदेशमा पर्वतमा प्रदेशबाट रु. ५० लाख विनियोजन भएको मोदी बेनी कुश्मा सडक सम्पन्न भएर भुक्तानी भई सकेको जानकारी गराउन चाहन्छु। यसर्थ सरकारले विनियोजन गरेको बजेट कार्यान्वयन हुनेमा विश्वास गर्न म सबैसंग हार्दिक अनुरोध गर्न चाहन्छु।

५. विभिन्न मितिमा माननीयज्यूहरुबाट उठाएका सवालहरु हिमपातका कारण विद्युत अवरुद्ध भई भएको कालीगण्डकी नदी आसपासको बस्तीमा क्षति समेत पुगेको विद्युत शर्ट भई मिटरमा बढी रकम उठेको। ट्राँसमिटर पडकन गई

लाइन विस्तारमा समस्या आई रहेको। हिमपातका कारण विद्युत पोल भाँचिएका र विविध विषयहरुमा अ माननीयज्यूहरुले ध्यानाकर्षण गराउनु भएको छ। र यसमा हामीलाई यि विषयहरुमा गम्भिर ध्यानाकर्षण भएको छ र ति समस्या समाधान गर्नका निम्ति हामीले विभिन्न खालका पहल प्रयत्न गरेको कुरो पनि म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। साथै एक निर्वाचन क्षेत्र एक सडक अन्तर्गतका बोलपत्र प्रकाशन हुन बाँकी सडकहरुको डिपिआर रिभ्यू डिपिआर भई सकेको छ र रिभ्यू गरि अन्तिम चरणमा पुगेको छ। र ५० वटा झोलुङ्गे पुलहरुको प्रारम्भिक सर्वे गर्ने कार्य समेत सम्पन्न भई सकेको छ। र ७० वटा मोटरेबल पुल मध्ये यातायात पुर्वाधार निर्देशनालयबाट २४ वटा पुलको सूचना प्रकाशन भई मूल्याङ्कनको चरणमा रहेको छ। एल.आर.वि.पी. मार्फत २० वटा डिपिआर अगाडी बढेको छ र १० वटा पुलको डिपिआर पुरानो संकलन कार्य पुरा भई सकेको छ । यसर्थ यो जुन योजनाहरु छन् योजनाहरु कार्यान्वयनको चरणमा अब छिट्टै जाने र खर्च पनि अब भोल्युममा केही समयमा देखिने म सदनमा जानकारी गराउन चाहन्छु । र जनता आवासको बजेट कहिं अब जनता आवासको चाँही बजेट कहिं नगएको कुरो पनि म सम्मानित सदनमा जानकारी गराउँदै संयोजक हिजो मात्रै ११ जिल्लाका संयोजकहरु तोकिएको छ र जनता आवासका कार्यक्रमहरु भोलिको दिनबाट अब शुरु भई सकेको जुन बजेट हो त्यो शुरु हुने कुरा पनि सम्मानित सभामा म सभामुख मार्फत जानकारी गराउन चाहन्छु। अन्तमा माननीय सभासद सदस्यज्यूहरुले जनताको समस्यामा चासो चिन्ता जाहेर गरि उठाउनु भएका सबै सवालहरु प्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ। र यसोचित समस्या जुन छ त्यसको समाधान गर्नका निम्ति पहल प्रयत्न गरिने छ। र यो समग्र यो प्रदेशको विकासका निम्ति हामी सबै एकजुट भएर लाग्यौं भने विकास सम्भव छ। परिवर्तन सम्भव छ। र सबै माननीयज्यूहरुले सम्बन्धित कार्यालयका कार्यालय प्रमुखहरुलाई

झकझकाउन र आफ्नो क्षेत्रमा परेका योजनाहरुका बारेमा अलिकति चासो जिज्ञासा राखेर छिटो भन्दा छिटो कार्यान्वयन गर्नेका निम्ति यहाँहरुबाट पनि पूर्ण सहयोग हुनेछ भन्ने आशा अपेक्षाका साथ म मेरा भनाईहरु यहीं टुँग्याउँछु। हस् धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई मिति २०७५ साल माघ १४ गते सभामा प्रस्तुत गर्नुभएको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथी विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।धन्यवाद।

## माननीय नरदेवी पुन मगरज्यू

माननीय सभामुख महोदय, सम्मानीत सभामा मिति २०७५ साल माघ १४ गते प्रस्तुत भएको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयकमाथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

## माननीय सभामुखज्यू

अव, माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरले मिति २०७५ साल माघ १४ गते सभामा प्रस्तुत गर्नुभएको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथी विचार गरियोस् भन्ने प्रस्ताव माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । निर्धारित समय भित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले सजिलोका लागी सभामुखको डयाससँगै बसेका अधिकृत कर्मचारीहरुलाई नाम टिपाइदिनुहुन अनुरोध गर्दछु।

## माननीय सभामुखज्यू

सर्वप्रथम माननीय श्री मिना गुरुङ लाई छलफलमा भाग लिन समय दिन्छु ।
समय १० मिनेट ।

## माननीय मिना गुरुङज्यू

माननीय सभामुख महोदय, म यति बेला हाम्रो प्रदेशको समाज विकास मन्त्रालयबाट प्रस्तावित भएको यो जुन विषय छ सुर्तिजन्य पदार्थको नियन्त्रण र निर्माणको सम्बन्धमा छलफलको क्रममा भाग लिई रहंदा मलाई शुरुमै अलिकति तथ्याङ्क र अलिकति नकारात्मकताबाट यो छलफलमा भाग लिने अनुभूति चाहन्छु। हाम्रा करिब पन्ध्र देखि ६९ वर्ष उमेरका व्यक्तिहरु यसमा पनि अझै युवाहरु थाहा नपाई यो सुर्तिजन्य पदार्थबाट आफ्नो ज्यान गुमाई रहेका छन् । र तथ्याङ्क अनुसार अहिले यति बेला विश्व स्वास्थ्य संगठनको पनि हामीले जुन तथ्याङ्क पाएका छौं जस अनुसार पाँच करोड मानिसले यो सुर्तिजन्य पदार्थ सेवन गरेर आफ्नो ज्यान गुमाएको छ । यस्तो किसिमको जुन घटना हामीले देखि रहेका छौं । व्यहोरि रहेका छौं घर घरमा र सुर्तिजन्य पदार्थको सेवनबाट वर्षेनि हाम्रै देशमा पनि २५००० को अकाल मृत्यु भएको यो दुखद जुन तथ्याङ्कहरु हामीले पाई रहेका छौं । माननीय सभामुखज्यू धुम्रपान तथा सुर्तीसेवन मानव स्वास्थ्यका लागि अत्यन्त हानीकारक भएको। यस पदार्थको सेवनले मानव जीवनको आर्थिक सामाजिक साँस्कृतिक क्रियाकलाप समेतमा नकारात्मक असर

पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरियोस् सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिवृद्धिका लागि सुर्तीजन्य पदार्थको आयात उत्पादन बिक्री वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण नियन्त्रण तथा नियमन गर्ने भनेर नेपाल सरकारले पनि २०६८ साउन १९ गते ऐन देशव्यापी रुपमै लागू गरेको थियो तथापि सरकारको लक्ष्य अनुसारको सुर्तीजन्य पदार्थको बिक्रि वितरण रोकिएन। र स्वास्थ्य मन्त्रालयले २०७१ सालमा पुरानो निर्देशिका संशोधन गरेको पनि हामीलाई जानकारी छ र यो सुर्तीजन्य पदार्थ यस्तो पदार्थ हो जसले थाहा नपाई स्लो पोइजनको रुपमा एउटा मानव समाजलाई एउटा मानिसलाई मृत्युको त्यो शैय्यामा पुर्याउँछ। तर पनि किन समाज वा हाम्रा किन नागरिकहरु यो सुर्तीजन्य पदार्थतिर आकर्षित भई रहेकाछन्। यो एउटा असाध्य सोचनीय विषय छ र गहरिएर छलफल पनि गर्नु पर्ने विषय छ तर आजको यो छलफलमा म यसलाई धेरै लामो समय त दिन चाहन्न। माननीय सभामुखज्यू आजको दिनमा हाम्रो हाथमा अहिले समयमा यो हामीले पाई रहेका छौं। सामाजिक विकास मन्त्रालयबाट तयार पारिएको हाम्रो सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र यो विधेयकलाई हेरी रहँदा मैले यसलाई पल्टाई-पल्टाई हेरी रहँदा यसमा उल्लेखित धेरै विषयहरुमा विशेष महत्वपूर्णका धेरै विषय छन् त्यस मध्ये १८ वर्ष उमेर भन्दा कम उमेरका व्यक्ति साथै गर्भवती महिलाले पनि सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न नमिल्ने जस्ता गहन विषय यसमा रहेका छन् भने सुर्तीजन्य पदार्थको विज्ञापन प्रवर्द्धन गर्न समाचार सूचना सम्प्रेपण र प्रायोजन गर्न नपाइने यसै गरी सार्वजनिक ठाउँको वा स्कुलको एक सय किलोमिटर वरपर बिक्री वितरण गर्न नमिल्ने नियम विधेयकमा समेटिएका छन्। त्यसैले म सभामुखज्यू भन्न चाहन्छु। अहिले हामीलाई अपरिहार्य लागेको यो प्रदेश सरकारको विकास र समृद्धिको लागि एउटा मानव समुदाय स्वस्थ मानसिक रुपमा हुनु पर्ने र शारिरिक रुपमा पनि हुनु पर्ने भएको हुँदा यदि हामीले समृद्ध नेपाल सुखी नेपाली चाहन्छौं भने अब यो

प्रदेशमा यो देशमा यस्ता सुर्तीजन्य पदार्थहरुको कडा भन्दा कडा रुपमा यसलाई नियमन गरेर ल्याउनु पर्छ भन्ने यसलाई प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयको तर्फबाट जुन अहिले प्रस्तावित गरिएको छ यो विधेयक असाध्य उपयोगी छ उपयुक्त छ त्यसैले गर्दा यो विधेयक माथि मेरो व्यक्तिगत समर्थन छ। यसै गरी मेरो दलको पनि समर्थन छ। र यो विधेयक हामी सम्पूर्ण प्रदेश सरकारको लागि कोशेढुङ्गा साबित हुनेछ भन्ने मेरो भनाई राख्दै म विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय श्री ललितकला गुरुङ लाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय सभामुखज्यू

माननीय सभामुख महोदय, भर्खर सामाजिक विकास मन्त्री श्री नरदेवी पुनज्यूले पेश गर्नु भएको सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलको क्रममा छौं र सुर्तीसेवन तथा धुम्रपान स्वास्थ्यको लागि अत्यन्त हानीकारक भएको र धुम्रपान तथा सुर्तीसेवनले हाम्रो जीवनको आर्थिक तथा सामाजिक र साँस्कृतिक क्रियाकलाप अत्यन्तै नकारात्मक असर पार्ने भएकोले यस्ता किसिमका कार्यलाई नियन्त्रण गर्न नेपालको संविधानमा मौलिक हकको रुपमा भाग-३ धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरिएको छ। त्यसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक रहेको र जो कसैलाई पनि आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नगरिने कुरा संविधानले नै प्रत्याभूत गरेको छ। त्यसलाई ध्यानमा राखी हाम्रो गण्डकी प्रदेशमा सुर्तीजन्य पदार्थको आयात उत्पादन बिक्री वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण नियन्त्रण तथा

नियमन गरी सर्वसाधारण जनताको सुर्तीसेवन तथा धुम्रपान पदार्थको सेवनबाट लाग्ने रोगहरुबाट हुने विरामी अपाङ्ग र मृत्यु दरमा कमि ल्याउनका लागि सर्वसाधारण जनताको स्वास्थ्य प्रवर्द्धन गरी आर्थिक अभिवृद्धि गर्ने खालका आवश्यक कानुनको व्यवस्था हुन आवश्यक छ। म स्मरण गर्न चाहन्छु गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री हुँदाको सरकारमा सिगरेटको प्रति खिल्ली मलाई यकिन हुन सकेन। केही राजस्व लगाएर त्यसलाई अस्पतालमा लगानी गर्ने काम भएको थियो। म पनि यो प्रदेशले यो प्रदेश सरकारले यसलाई यस सुर्तीजन्य पदार्थलाई करको दायरामा ल्याएर स्वास्थ्य क्षेत्रलाई स्वास्थ्यमा हस्पिटल तर्फ लगानी गरेर यसले पोजिटिभ रिजल्ट दिने खालका कार्यहरु गर्ने खालको कानून बनाउनु पर्छ भन्ने भनाई राख्दै म र मेरो दलको धारणा यहि रहेको जानकारी गराउँदै मेरो भनाई अन्त गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुखज्यू

अब माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय नर देवी पुन मगरज्यू

माननीय सभामुख महोदय, विधेयक माथि माननीयज्यूहरुले आफ्नो विचार व्यक्त गर्नु भएको छ। नेपालमा सर्ने रोगहरु करिब करिब नियन्त्रण भएको छ। नसर्ने रोगहरुको प्रकोप बढदै गएको छ । अहिले हस्पिटलहरुमा चेक गर्न जाने नागरिकहरुको अवस्थालाई हेर्दा खेरी एक तिहाईमा उच्च रक्तचाप आठ देखि दस हजार सम्म नयाँ क्यान्सर रोगी भेटिएका छन् भने १५% मधुमेहको विरामी भेटीएका छन् त्यसैले हामीले जुन विधेयक माथि छलफल गर्याको छौं । हाम्रा नागरिकहरुलाई नसर्ने रोगबाट मुक्त बनाउनको निम्ति यो विधेयकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ हामीले आशा गरेका छौं र विश्वासका साथ हामी अगाडी

गएका छौं । अहिले तेस्तै हस्पिटलहरुमा भर्ना भएर उपचार गर्ने विरामीहरु ८०% विरामी नसर्ने रोगको प्रकोपले भर्ना भएको देखिन्छ। ८० लाई १०० मानेर हेर्दा खेरी ४३% विरामी श्वास प्रश्वासको दीर्घ रोगी, ४०% मुटु रोगी, १२% मधुमेहको र ५% क्यान्सरको बिरामी भएको डाटा हामी सामु प्रस्तुत छ । यसरी हेर्दा खेरी सूर्तिजन्य पदार्थको धुँवाबाट ७००० केमिकलहरु हुने र ति ७००० केमिकल मध्ये २५० केमिकल हानीकारक हुने त्यस मध्ये पनि ६९ वटा केमिकल सोझै क्यान्सरसंग सम्बन्धित हुने जानकारी विश्व स्वास्थ्य संगठनको अनुसार हामीले प्राप्त गरेका छौं । त्यसैले अहिले नेपालका हकमा भन्दा खेरी वार्षिक २७,१३७ मानिसहरु दीर्घ रोगी यो नसर्ने रोगको प्रकोपबाट हरेक वर्ष मर्ने गरेको डाटा हाम्रो सामु आएको छ। मैले यसरी भनी राख्दा खेरी सुर्तीजन्य जुन पदार्थ छन् यसको उत्पादन गर्छन्। यसबाट पनि नेपाललाई कर आएको छ भन्ने कुरा यहाँको बीचमा आउन सक्छ तर राज्यले प्राप्त गर्ने कर भन्दा हाम्रा नागरिक विरामी भएर अस्पतालमा तिर्ने रकम धेरै भएको छ त्यसैले हाम्रो नागरिकहरुलाई योबाट छुटकारा प्राप्त गराउनको निम्ति हामीले अझै राम्रो छलफल गरेर अझै समृद्ध बनाएर पास गर्नु पर्ने र हामीले यसलाई कार्यान्वयनमा कडाईका साथ लैजानु पर्ने अवस्था छ। त्यसैले म माननीयज्यूहरुले जुन खालको विचार व्यक्त गर्नु भएको छ। तपाईंहरुको विचारलाई आत्मसात गर्दै यो विधेयक फेरी विधायन समितिमा छलफल चल्ने छ फेरी अझै हाम्रो विधेयकलाई समृद्ध बनाएर गण्डकी प्रदेश भित्र हाम्रो सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी बनेको जुन विधेयक छ यसलाई राम्रो ढंगले कार्यान्वयन गर्ने कुरा यहाँहरुको बिचमा राख्दै २०३० सम्म सुर्तीजन्य पदार्थ सेवनलाई शुन्य बनाउने पहल विश्व स्वास्थ्य संगठनको जुन यो योजना छ यसलाई हामीले पुरा गर्नको निम्ति आजै देखि पाइला चालौं यहि कुरा यहाँहरुको बिचमा राख्दै मैले आफ्नो भनाईलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब यो छलफल यहीँ समाप्त हुन्छ ।

अब म **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक"** माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक"** माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक"** माथी विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अव म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई मिति २०७५ साल माघ १४ गते सभामा टेवल भई सामान्य छलफल समेत भएको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक"** दफावार छलफलको लागी विधायन समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय नरदेवी पुन मगरज्यू

माननीय सभामुख महोदय, सम्मानीत सभामा मिति २०७५ साल माघ १४ गते प्रस्तुत भएको र मिति २०७५ साल माघ २३ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताब प्रस्तुत भई सामान्य छलफल समेत भएको **“सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक”** गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ (ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब **“सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक”** दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ **“सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक”** दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

“हुन्छ” भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले **“सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक”** दफावार छलफलको

लागी विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

## माननीय सभामुखज्यू

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले **प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम बहत्तर (७२) घण्टा भित्र** आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

## माननीय सभामुखज्यू

माननिय सदस्यहरु, अव म अर्थ तथा विकास समितिको माननीय सदस्य पियारी थापालाई उक्त समितिबाट विधायन समितिको रिक्त सदस्यमा रहने गरी जिम्मेवारी हेरफेर गरिएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरु, अब म उक्त जिम्मेवारी हेरफेरको प्रस्तावलाई सहमति जनाई दिनु हुन अनुरोध गर्दछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल फाल्गुन २१ गते विहान ११:००बजे सम्मको लागी स्थगित हुन्छ ।**